लालीगुराँस नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बसन्तपुर, तेह्रथुम

प.सं. : ०७६/७७
च.नं. : १६६

(१ नं. प्रदेश, नेपाल)
मिति :- २०७६/५/१०

विषय : निर्माण भइसकेको भवनको नक्सा सहित दरखास्त आव्हान गरिएको सूचना ।

यस नगरपालिकाबाट भवन निर्माण मापदण्ड २०७२ तथा नक्सा पास सम्वन्धी कार्यविधी २०७२ यस अघि नै स्वीकृत भई कार्यान्वयन भइरहेकोमा घर नक्सा पास गर्ने सडकको क्षेत्रफल र सेटव्याक सम्वन्धी व्यवस्थालाई थप परिमार्जित र व्यवस्थित गरी नगरपालिकाका जनप्रतिनिधिहरु तथा नगरवासीहरुसंग समेत व्यापक अन्तरकिया गरी नगरपालिकाबाट **लालीगुराँस नगरपालिकाको भवन निर्माण तथा नक्सा पास सम्वन्धी मापदण्ड २०७५** स्वीकृत भएको व्यहोरा विदितै छ । स्वीकृत मापदण्ड बमोजिम नगर क्षेत्रका विभिन्न सडकहरुको क्षेत्रफलको मापदण्ड तोकी सो मापदण्ड र तोकिएको सेटव्याक अनुसार भवन निर्माणका लागि नक्सा पास गर्ने कार्य खुला गर्ने र निर्माण भइसकेका तर नक्सा पास नभएका भवनहरुको हकमा ६ महिनाको अवधि तोकी सार्वजनिक सूचना जारी गरी सो अवधिभित्र त्यस्ता भवनहरुको नक्सा तयार गरी आवश्यक कागजातहरु सहित सम्वन्धित भवन धनीहरुबाट दरखास्त आव्हान गर्ने र पेश भएका नक्सा तथा कागजातहरुमाथि आवश्यक छानवीन र स्थलगत निरिक्षण समेत गरी मापदण्ड पूरा भएका भवनहरुको नक्सा प्रमाणित गरिदिने र अभिलेख राखी भवन निर्माण सम्पन्नताको प्रमाण पत्र समेत दिने व्यवस्था भएको हुँदा सो बमोजिम निर्माण भइसकेका भवनहरुको नक्सा र सम्वन्धित कागजातहरु सहित दरखास्त आव्हान गर्ने भनी मिति २०७६।०५।०९ को नगर कार्यपालिकाको वैठकबाट निर्णय समेत भएको हुँदा आफ्नो निर्माण भइसकेको भवनको नक्सा र सम्वन्धित कागजातहरु सहित तोकिएको अवधिभित्र दरखास्त पेश गर्न सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

बलराम निरौला
प्रमुख प्रशासकीय अधिकृत